स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

༄། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश,नेपाल

प.सं: २०८२/८३

च.नं.: १३६

मितिः२०८२/०५/०९

श्री वडा कार्यालय/वडा मेलमिलापकेन्द्रहरु सबै

हेलम्बु, सिन्धुपाल्चोक।

**विषयः मेलमिलापकर्ता नविकरण सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस हेलम्बु गाउँपालिकाको न्यायिक समिति संञ्चालन ऐन, २०७६ को दफा ५९ बमोजिम मेलमिलापकर्ताहरुको सूची अध्यावधिक गर्ने प्रावधान भएकाले यस गाउँपालिका भित्रका सम्पूर्ण सूचीकृत मेलमिलापकर्ताहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र मिति २०८२/०५/२४ गते सम्म तपशिलमा उल्लेख भए बमोजिम आवश्यक कागजातहरु समावेश गरी नविकरण गराउनु हुन सम्बन्धित मेलमिलापकर्ताहरुमा जानकारीको लागि अनुरोध छ। नविकरण नभएका मेलमिलापकर्ताहरु यस गाउँपालिकाको न्यायिक समिति अन्तर्गत संचालन हुने मेलमिलाप सम्बन्धि कुनै पनि कार्यमा सहभागि हुनबाट बञ्चित हुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ। साथै, हेलम्बु गाउँपालिका न्यायिक समिति संञ्चालन नियमावली,२०७७ को अनुसूची १२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन समेत जानकारी गराईन्छ।

आवश्यक कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी एक प्रति
२. माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
४. मेलमिलाप सम्बन्धि प्राप्त गरेका तालिम तथा प्रमाणपत्रहरुको प्रतिलिपी।

(राजुभाइ श्रेष्ठ)

प्रमुख प्रशासकीय अधिकृत